## १.२ निर्वाचन प्रणालीको संक्षिप्त विवेचना :

नेपालको इतिहासमा पहिलो पटक सम्पन्न भएको यस संविधान सभा सदस्य निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अंगीकार गरिएको थियो । वि.स. २०६३ साल माघ १ गते जारी गरिएको नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) मा ४२५ सदस्यीय संविधान सभाको गठन हुने, ती मध्ये २०५ जना पहिलो हुने निर्वाचित हुने निर्वाचनबाट र २०४ जना सदस्य समानुपातिक निर्वाचनबाट निर्वाचित हुने प्रावधान थियो । प्रत्यक्ष निर्वाचन तर्फको प्रतिनिधित्व वढाउने उद्देश्यले तत्काल कायम रहेका २०५ वटा निर्वाचन क्षेत्रको पुनरावलोकन गर्न निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन भयो । सो आयोगले पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत देशलाई २४० निर्वाचन क्षेत्रमा विभाजित गरेकोले समानुपातिक निर्वाचन प्रणाली तर्फ पनि सो संख्या २०४ बाट २४० पुऱ्याइयो । मनोनयन गरिने सदस्य संख्या १७ पुऱ्याई ४९७ सदस्यीय संविधान सभा गठन गर्ने व्यवस्था भयो । २०६४ साल जेष्ठ महिनामा हुने भनिएको निर्वाचन २०६४ मंङ्सिर ६ गते गर्ने मिति तोकिए पनि सो निर्वाचन स्थगित भएपछि पुनः राजनैतिक सहमति जुटाई व्यवस्थापिका संसदबाट अन्तरिम संविधान तेस्रो संशोधन गरी पहिलो हुने निर्वाचित हुने प्रणाली तर्फ २४० र समानुपातिक निर्वाचन प्रणाली तर्फ ३३५ गरी जम्मा ५७५ र मनोनीत २६ गरी जम्मा ६०१ सदस्य रहेको संविधान सभा गठन गर्ने व्यवस्था गरियो । नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम देहायको मिश्रित निर्वाचन प्रणाली अंगीकार गरी २०६४ साल चैत्र २८ गते संविधान सभा सदस्यको निर्वाचन सम्पन्न भएको छ ।

### (क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली :

यस प्रणालीअन्तर्गत सम्पूर्ण देशलाई जनसंख्या र क्षेत्रको आधारमा २४० वटा निर्वाचन क्षेत्रमा विभाजन गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाका दरले निर्वाचित हुने गरी २४० जना संविधान सभा सदस्यको निर्वाचन सम्पन्न भएको छ । यस निर्वाचनको प्रयोजनका लागि ७४ वटा राजनैतिक दलले निर्वाचन आयोगमा दलदर्ता गराएका भए तापनि ५४ दलले मात्र भाग लिएका थिए ।

### (ख) समानुपातिक निर्वाचन प्रणाली :

यसअन्तर्गत सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनैतिक दललाई मत दिने र सम्बन्धित दलले प्राप्त गरेको मतको प्रतिशतका आधारमा ३३५ जना निर्वाचन हुने व्यवस्था छ । यस प्रयोजनको लागि राजनैतिक दलले आयोगमा “उम्मेदवारको बन्दसूची” बुझाउनु पर्ने र यसरी “उम्मेदवारको बन्दसूची” बुझाउँदा महिला र पुरुषको संख्या ५०-५० प्रतिशत, ३१.२ प्रतिशत मधेशी, १३ प्रतिशत दलित, ३७.८ प्रतिशत उत्पीडित जाति/आदिबासी जनजाति, ४ प्रतिशत पिछडिएको क्षेत्र र ३०.२ प्रतिशत अन्य समूहबाट उम्मेदवारी दिनु पर्ने कानूनी व्यवस्था छ । यसरी प्रतिशत मिलाउँदा एउटै व्यक्तिको एकभन्दा बढी समुहमा पहिचान हुने समेत हुन्छ । साथै कुनै दलले ३० प्रतिशत भन्दा कम

उम्मेदवारको नाम बन्दसूचीमा पेश गरेको रहेछ भने त्यस्ता दललाई महिला र पुरुषको ५०-५० प्रतिशत गर्नु पर्ने बाहेक अन्य समुहको यथाशक्य प्रतिनिधित्व गराई कोटा अनुसार समानुपातिक सूची पेश गर्न पर्ने व्यवस्था रहेकोछ । यस निर्वाचनमा ५५ राजनैतिक दलले "उम्मेदवारको बन्दसूची" वुझाएका थिए भने कानून बमोजिम सूची पेश नगर्ने एउटा दलको सूचीलाई आयोगले रद्द गरेको थियो । दलले आयोगमा पेश गरेको उम्मेदवारको बन्दसूचीमा उल्लिखित उम्मेदवार मध्ये दलहरुले प्राप्त गरेको मत प्रतिशतका आधारमा सम्बन्धित दलको केन्द्रीय कार्य समितिको निर्णयबाट कोटा मिलाई छानी पठाएको उम्मेदवार मध्येबाट आयोगले विजयी उम्मेदवार घोषणा गर्ने प्रावधान छ ।